## आठविसकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः ३ मितिः २०७९/१२/१४

भाग-२


## आठविसकोट नगरपालिका

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन,को दफा को उपदफा (३) बमोजिम आठविसकोट नगर सभाबाट स्वीकृत एनहरु सर्वधारणका लागि स्थानीय राजपत्रमा प्रकाशन गरिएको छ।

## आठविसकोट नगरपालिकाको कृषि विकाश कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

कार्यपालिकाबाट पारित मितिः २०७९/१०/१८

प्रमाणिकरण मितिः २०७९/१०/२१

## आठविसकोट नगरपालिका

# नगर कार्यपालिका कार्यालय

## आठविसकोट, रुकुम (पश्चिम)

## कर्णाली प्रदेश, नेपाल

## आठविसकोट नगरपालिकाको कृषि विकाश कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

आठविसकोट नगरपालिका

रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

२०७९

# आठविसकोट नगरपालिकाको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यबिधि, २०७९

कार्यपालिकाबाट पारित मिति : २०७९/१०/१८

प्रमाणिकरण मितिः २०७९/१०/२१

आठविसकोट नगरपालिका संचालन हुने कृषि विकास कार्यक्रमलाई थप व्यावसायीक, प्रतिसप्रधि, उत्पादन मूलक र प्रबिधि मैत्रि एवं प्रभावकारी, पारदर्शि, जवाफदेहि, उत्तरदायी र गुणस्तरयुक्त रुपमा कार्यान्वयन गर्न बान्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) को बमोजिम “आठविसकोट नगरपालिका कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९” बनाएको छ ।

**परिच्छेद : १ प्रारम्भिक**

**१. संक्षिप्त नाम, क्षेत्र र प्रारम्भ** (क) यस कार्य विधिको नाम “आठविसकोट नगरपालिको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९” रहेको छ ।

(ख) यो कार्यबिधि आठविसकोट नगरपालिकाको क्षेत्रभित्र लागु हुनेछ ।

(ग) यो कार्यबिधि स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेसम्म यस कार्यविधिमा,

क. “कार्यपालिका भन्नाले” आठविसकोट नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्ने छ ।

ख. नगर प्रमुख भन्नाले आठविसकोट नगरपालिकाको नगर प्रमुखलाई जनाउने छ ।

ग. नगर उपप्रमुख भन्नाले आठविसकोट नगरपालिकाको नगर उपप्रमुखलाई जनाउने छ ।

घ. प्रमुख प्रशासकिय अधिकृत भन्नाले आठविसकोट नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्ने छ ।

ङ. कृषि व्यवसाय प्रवर्द्धन समिति भन्नाले आठविसकोट नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन समितिलाई जनाउने छ ।

च. कृषि सेवा केन्द्र भन्नाले आठविसकोट नगरपालिको कृषि सेवा केन्द्रलाई जनाउने छ ।

छ. सेवा केन्द्र प्रमुख भन्नाले आठविसकोट नगरपालिका कृषि सेवा केन्द्र प्रमुखलाई जनाउने छ ।

ज. अनुदान प्रस्ताव मूल्याङ्कन समिति भन्नाले यस कार्यविधिको अनुसुचि १ बमोजिम गठन भएको मूल्याङ्कन समितिलाई जनाउने छ ।

**परिच्छेद : २ उद्देश्य**

क. आठविसकोट नगरपालिकाबाट संचालन हुने कृषि विकास कार्यक्रम कार्यान्वयन प्रकृयालाई थप सरल, सहज, प्रभावकारी, पारदर्शी एवं गुणस्तरयुक्त बनाउने ।

ख. कृषि व्यावसायलाई दिगो, मर्यादित, प्रतिस्पर्धी एवं उत्पादनमूलक बनाउने ।

ग. अनुदान वितरण प्रकृयालाई छिटो, छरीतो, सहज, सरल निस्पक्ष बनाउने ।

घ. सेवा प्रवाहको प्रकृयालाई छिटो, छरितो, सहज, सरल, निस्पक्ष बनाउने ।

ङ. लाभग्राहीहरुको छनौट प्रकृयालाई स्पष्ट र पारदर्शी बनाउने ।

**परिच्छेद :३**

## कार्य संचालन प्रकृया

३.१ निवेदन/प्रस्ताव पेश गर्नुपर्ने: प्रस्तावक/निवेदकले तपशिल बमोजिमका कार्यक्रममा समावेश हुन निवेदन /प्रस्तावको साथ निम्न कागजात संलग्न गरी पेश गर्नुपर्नेछ ।

**क. नगरपालिका स्तरीय फलफुल पकेट विकास कार्यक्रम**

१. कृषक समुह/कृषि सहकारी/कृषि फर्मको माग निवेदन र निर्णय ।

२. कृषक समुह/कृषि सहकारी/कृषि फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. करचुक्ता प्रमाणपत्र/नविकरण

४. सम्वन्धित व्याक्तिको नेपाली नागरिकताको प्रतिलिपी ।

५. सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र ।

६. स्थायी लेखा नं(PAN) को प्रतिलिपी ।

**ख. कृषि व्यवसायिक युवा लक्षित कृषि कार्यक्रम**

१. नेपालि नागरीकताको प्रमाण पत्र

२. फार्म/व्यावसाय दर्ता गरेको प्रमाण पत्र को प्रतिलिपी

३. सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र ।

४. १८ वर्ष देखि ४५ वर्ष नकाटेको युवा

५. वैदेशिक रोजगारीवाट फर्केकालाई प्राथमिकता दिईने छ ।

**ग. उत्पादनमा आधारीत अनुदान कार्यक्रम (२०–५०%)**

१. नेपालि नागरीकताको प्रमाण पत्र

२. फार्म/व्यावसाय दर्ता गरेको प्रमाण पत्र को प्रतिलिपी

३. सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र ।

४. करचुक्ता प्रमाणपत्र/नविकरण

५. अनुसुचि ३ बमोजिमको प्रस्तावना

**घ) बिउ बिजन आत्मनिर्भर कार्यक्रम**

१. कृषि समुह/कृषि सहकारी/पशु फर्मको माग निवेदन र निर्णय ।

२. कृषि समुह/कृषि सहकारी/पशु फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. करचुक्ता प्रमाणपत्र/नविकरण

४. सम्वन्धित व्याक्तिको नेपाली नागरिकताको प्रतिलिपी ।

५. सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र ।

**ङ ) कृषि यान्त्रिकरण कार्यक्रम**

१) पशु समुह/कृषि सहकारी/पशु फर्मको माग निवेदन र निर्णय ।

२) पशु समुह/कृषि सहकारी/पशु फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३) नेपालि नागरीकताको प्रमाणपत्रको प्रतिलिपि

४) प्रतिवद्दता पत्र ।

५) कृषि सहकारीको हकमा अडिट रिपोट ।

**च)** जैबिक बिषादी प्रयोग प्रर्दशन तथा वितरण कार्यक्रम

१. कृषि समुह/कृषि सहकारी/पशु फर्मको माग निवेदन र निर्णय ।

२. कृषि समुह/कृषि सहकारी/पशु फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी

४. सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र ।

**छ) स्थानिय उत्पादनलाई प्रोत्साहन कार्यक्रम-कोसेली घर, हाट बजार, संकलन केन्द्र स्थापना**

१. कृषि समुह/कृषि सहकारी/पशु फर्मको माग निवेदन र निर्णय ।

२. कृषि समुह/कृषि सहकारी/पशु फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. करचुक्ता प्रमाणपत्र/नविकरण

४. सम्वन्धित व्याक्तिको नेपाली नागरिकताको प्रतिलिपी ।

५. सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र ।

**ज) फलफुल,तरकारी,तथा मसला बालि प्रर्वधन कार्यक्रम**

१. कृषि समुह/कृषि सहकारी/पशु फर्मको माग निवेदन र निर्णय ।

२. कृषि समुह/कृषि सहकारी/पशु फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. करचुक्ता प्रमाणपत्र/नविकरण

४. सम्वन्धित व्याक्तिको नेपाली नागरिकताको प्रतिलिपी ।

५. सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र ।

६ सहकारीको हकमा अडिट रिपोर्ट

**झ) कृषि पुर्वाधार विकास कार्यक्रम**

१. कृषि समुह/कृषि/पशु सहकारी/पशु फर्मको माग निवेदन र निर्णय ।

२. कृषि समुह/कृषि/पशु सहकारी/पशु फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. करचुक्ता प्रमाणपत्र/नविकरण

४. सम्वन्धित व्याक्तिको नेपाली नागरिकताको प्रतिलिपी ।

५. सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र ।

७. सहकारीको हकमा अडिट रिपोर्ट

८. जग्गाको लाल पुर्जा/१० वर्षको करारनामा ।

**ञ) प्रबिधि प्रसार तथा अध्ययनका लागि मोडेल** कृषि **फर्म निर्माण**

१. कृषि समुह/कृषि सहकारी/पशु फर्मको/बिध्यालयको माग निवेदन र निर्णय ।

२. कृषि समुह/कृषि सहकारी/पशु फर्म/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. करचुक्ता प्रमाणपत्र/नविकरण

४. निवेदकको नेपाली नागरिकताको प्रतिलिपी ।

५. सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र ।

७. सहकारीको हकमा अडिट रिपोर्ट

८. जग्गाको लाल पुर्जा/१० वर्षको करारनामा

९) बिध्यालको हकमा बिध्यालय व्यावस्थापन समितिको निर्णय

**ट) रैथाने बालि प्रर्वधन कार्यक्रम**

१. कृषि समुह/कृषि सहकारी/पशु फर्मको/बिध्यालयको माग निवेदन र निर्णय ।

२. कृषि समुह/कृषि सहकारी/पशु फर्म/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. करचुक्ता प्रमाणपत्र/नविकरण

४. निवेदकको नेपाली नागरिकताको प्रतिलिपी ।

५. सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र ।

७. सहकारीको हकमा अडिट रिपोर्ट

८. जग्गाको लाल पुर्जा/१० वर्षको करारनामा

**ठ) हिउदे बगैचा व्यावस्थापन**

१. कृषि समुह/कृषि सहकारी/पशु फर्मका/माग निवेदन र निर्णय ।

२. कृषि समुह/कृषि सहकारी/पशु फर्म/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. करचुक्ता प्रमाणपत्र/नविकरण

४. निवेदकको नेपाली नागरिकताको प्रतिलिपी ।

५. सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र ।

७. सहकारीको हकमा अडिट रिपोर्ट

८. जग्गाको लाल पुर्जा/१० वर्षको करारनामा

ड) प्याकेज प्रर्दशन कार्यक्रम

१. कृषि समुह/कृषि सहकारी/पशु फर्मका/माग निवेदन र निर्णय ।

२. कृषि समुह/कृषि सहकारी/पशु फर्म/संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

३. करचुक्ता प्रमाणपत्र/नविकरण

४. निवेदकको नेपाली नागरिकताको प्रतिलिपी ।

५. सम्वन्धित वडा कार्यालयको सिफारीस पत्र ।

७. सहकारीको हकमा अडिट रिपोर्ट

८. जग्गाको लाल पुर्जा/१० वर्षको करारनामा

**३.२ अनुदान कार्यक्रम कार्यान्वयन प्रक्रिया :**

क. अनुदान कार्यक्रम (नगद/बस्तुगत) का विषय उल्लेख गरी कृषि सेवा केन्द्रको वेवसाइट, स्थानिय संचार माध्यम मार्फत सूचना प्रकाशन गर्नेछ र उक्त सूचना शाखा र वडा कार्यालयमा टाँस गरिनेछ ।

ख. प्रकाशित सूचना अनुसार कृषक समुह/कृषि सहकारी/कृषि उद्यमिले तोकिए बमोजिमका कागजात सहित निवेदन/प्रस्तावना शाखामा पेश गर्नु पर्नेछ ।

ग. सेवा केन्द्रले प्राप्त प्रस्तावनाहरुको कार्य स्थलमा गएर फिल्ड भेरिफिकेसन गर्नेछ ।

घ. संलग्न प्रस्तावना/निवेदन ,आवश्यक कागजात र फिल्ड भेरिफिकेसनबाट प्राप्त विवरणको आधारमा अनुसुचि १ कमोजिम गठित समितिबाट अनुसुचि २ बमोजिम मूल्यांकन प्रतिवेदन तयार गरिने छ ।

ङ. **मूल्यांकन** समिति बाट प्राप्त भएको प्रतिवेदन प्रमुख मार्फत नगर कार्यपालिका मा पेश गरीने छ । कार्यपालिकाले लाभग्राहि छनोट र कार्यक्रम संचालनका लागि आवश्यक निर्णय लिनेछ । साथै कार्यक्रम संचालनका क्रममा बाधा व्यावधानआई परेमा आवश्यक निर्णय गर्ने दायित्व नगर कार्यपालिकाको हुनेछ ।

च. नगरँ कार्यपालिकाको निर्णय पश्चात छनौट भएका लाभग्राहिको विवरण वेवसाईटमा राखी शाखामा टाँस गरीने जानकारी दिईने छ ।

छ. अनुदानका लागि छनौट भएका कृषक/कृषि समुह/कृषि सहकारी/कृषि उद्यमि संग कार्य संचालन का लागि सम्झौता गरीनेछ र उक्त सम्झौता बमोजिम कार्य सम्पन्न गरेपछि वडा कार्यालयको सिफारीस र आवश्यकता अनुसार कृषि सेवा केन्द्रबाट स्थलगत अनुगमन गरी शाखाको सिफारीसका आधारमा गाउँपालिकाले भुक्तानि दिनेछ ।

ज. कृषि पालन सम्वन्धि कार्यक्रम संचालनका लागि नगर कार्यपालिकाले उन्नत कृषि बस्तुको अधिकतम दर रेट तोक्न सक्नेछ ।

ञ. कार्यक्रमबाट उपलब्ध हुने अधिकतम् अनुदान र अनुदान प्रतिशत अनुसुचि ३ बमोजिम हुने छ । अधिकतम् अनुदान र अनुदान प्रतिशत नतोकिएको कार्यक्रमको हकमा नगर कार्यपालिकाले आवश्यक निर्णय लिनछ ।

ट. कृषि विकास कार्यक्रम संचालनका क्रममा आवश्यक पर्ने जुन सुकै निर्णय लिने अधिकार नगर सभाको हुने छ ।

## परिच्छेद : ४

## आर्थिक प्रशासन

कार्यक्रमको लेखाँकन, कारोवार, लेखा परिक्षण गर्दा आर्थिक कार्यबिधि ऐन २०५५, आर्थिक कार्यबिधि नियमावली २०६४, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४बमोजिम गरिने छ ।

## परिच्छेद : ५

## थपघट तथा हेरफेर गर्न सक्ने

५.१ यो कार्यबिधि कार्यान्वयनलाई थप व्यावस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवश्यकता अनुसार यस कार्यबिधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नछ ।

५.२ यस कार्यबिधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा, अवरोध फुकाउने प्रयोजनका लागि नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।

## अनुसूचि १

**अनुदान प्रस्ताव मूल्यांकन समिति**

| | |
|---|---|
| प्रमुख प्रशासकिय अधिकृत : अध्यक्ष | १ जना |
| नगरपालिकाको योजना शाखा प्रमूख | १ जना |
| नगर प्रमुखले तोकेको कर्मचारी :सदस्य | १ जना |
| आर्थिक विकास शाखा प्रमुख  सदस्य | १ जना |
| कृषि सेवा केन्द्र प्रमूख : सदस्य सचिव | १ जना |

जम्मा :   ५ जना

मूल्यांकन समितिले आवश्यक ठहर्याएको खण्डमा ३ जना सम्म विज्ञलाई मूल्यांकल प्रकृयामा आमन्त्रण गर्न सक्नेछ ।

## अनुसूचि २

मूल्यांकनका आधारहरु

| क.स | निवेदकको नाम | ठेगाना | मूल्यांकनका आधारहरु | | | | जम्मा १०० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | सक्रियता /प्रस्तावना(२५) | आवश्यक न्युनतम् मापदण्ड र प्रकृया (२५) | सम्भाव्यता (बालि विषेश र उत्पादन(२५) | लक्षित क्षेत्र र वर्ग(२५) | | |
| १ | | | | | | | | |

## अनुसूचि ३

## अनुदान सम्वन्धि विवरण

| क.स | कार्यक्रम/क्रियाकलाप | अधिकतम् अनुदान रकम | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| क | वागवानी विकास कार्यक्रम | | | |
| १ | नगरपालिका स्तरीय फलफुल पकेट सञ्चालन कार्यकम | ६००००० | ७५ | |
| २ | कृषि व्यवसाय युवा लक्षित कार्यकम | २००००० | ७५ | |
| ३ | हिउदे तथा बर्षे विरुवा खरिद ढुवानी वितरण | | ७५ | |
| ख | बाली विकास कार्यकम | | | |
| १ | कृषकको मागको आधारमा धान गहु मकैको विउ खरिद ढुवानी तथा वितरण | | ७५ | |

| | | | | |
|---|---|---|---|---|
| २ | राष्टिय धान दिवस कार्यक्रम | | १०० | |
| ग | कृषि प्रसार कार्यक्रम | | | |
| १ | उत्पादनमा आधारित कृषक प्रोत्साहन कार्यक्रम | | प्रतिकेजी ५ रुपैया | |
| २ | साना किसानका लागि कृषि ऋणमा व्याज अनुदान कार्यक्रम/ पशुविमा | १००००० | २५ | |
| ३ | उत्पादनमा आधारीत अनुदान कार्यक्रम (२०–५०%) | ५०,००० | ५० | |
| घ | कृषि आत्मनिर्भर कार्यक्रम | | | |
| १ | स्रोत केन्द्र अनुदान(५०%) | १,००,००० | ५० | |
| ङ | उन्नत बिउ अनुदान (५०%) | १,००,००० | ५० | |
| १ | कम्वाइन हार्वेष्टर ,ट्याक्टर ,पावर टिलर ,थ्रेसर आदि | | ५०-७५ | |
| २ | आरी, सिकेचर , स्प्रेयर आदि | | ७५ | |
| च | जैविक बिषदी प्रयोग प्रर्दशन  तथा वितरण कार्यक्रम | | ७५ | |
| १ | जैविक विषादी निर्माण तथा प्रयोग प्रर्दशन | २०००० | ७५ | |
| छ | स्थानिय उत्पादन लाइ  प्रोत्साहन कार्यक्रम (  कोसेली घर ,हाट बजार ,स्थापना  ) | | | |
| १ | कोसेलि घर स्थापन  /निमार्ण | ५,००,००० | ८५ | |
| २ | हाट बजार | ५,००,००० | ८५ | |
| ज | फलफुल तथा तरकारी खेति प्रवर्धन कार्यक्रम | | ७५ | |
| १ | फलफुल बगैंचा स्थापना | ५०,००० | ७५ | |
| २ | फलफुल बगैंचा व्यावस्थापन | ५०,००० | ७५ | |
| ३ | फलफुल नर्सरी स्थापना तथा व्यावस्थापन | ५०,००० | ७५ | |
| ४ | तरकारी व्यावसाय स्थापना तथा व्यावस्थापन | ५०,००० | ७५ | |
| ५ | तरकारी विउ तथा मिनिकिटवितरण | | १०० | |
| झ | कृषि पुर्वाधार विकास कार्यक्रम | | | |
| १ | संकलन केन्द्र ,प्रशोधन केन्द्र ,कोल्ड स्टोर | १०,००,००० | ८५ | |
| २ | कृषि पुर्वाधार निमार्ण (सडक लगायत) | १०,००,००० | ८५ | |
| ३ | एकिकृत विज बृद्धि कृषि समुह लाई पुर्वाधार विकास कार्यक्रम | १०,००,००० | ८५ | |
| ञ | प्रबिधि प्रसार तथा अध्ययनका लागी मोडेल फर्म निर्माण | | | |
| १ | एकिकृत मोडेल फर्म निमार्ण कार्यक्रम | ५,००,००० | ५० | |
| ट | प्रर्दशन कार्यक्रम | | | |
| १ | मिनिकिट प्रर्दशन | | १०० | |
| २ | उत्पादन प्रर्दशन | | १०० | |
| ३ | हाईब्रिड तरकारी प्याकेज प्रर्दशन | | १०० | |
| ४ | कृषि मेला प्रर्दशनि | | १०० | |
| ठ | रैथाने बालि प्रर्वधन कार्यक्रम | | | |
| १ | चिनो, कागुनो, फापर, मार्सिधान, उत्पादनमा आधारीत अनुदान | कुल उत्पादनको १० प्रतिशत | | |
| ड | **नगरपालिका बाट संचालन गरीने अन्य कार्यक्रम** | | | |
| १ | कृषक भ्रमण कार्यक्रम | | १०० | |
| २ | कृषक समुह, कृषि सहकारी, तथा सरोकारवाला हरुसंग अन्तरक्रिया  गोष्ठि | | १०० | |
| ३ | कृषि तथ्याङ्क अधावधिक | | १०० | |

| | | | | |
|---|---|---|---|---|
| ४ | बजार अनुगमन (एग्रोभेट,कृषि सहकारी,विषदी खुद्रा विक्रेता ,हाटबजार,तरकारी बजार आदी) | | १०० | |
| ५ | कार्यक्रम अनुगमन | | १०० | |
| ६ | कार्यक्रम संचालनका लागि सूचना प्रकाशन | | १०० | |
| ७ | तरकारी मिनिकिट वितरण | | १०० | |
| ८ | सिडविन वितरण | | ७५ | |
| ९ | सिल्पोलिन प्लाष्टक,हजारी,गार्डेन पाईप,स्प्रींकलर ,आदी वितरण | | ७५ | |
| १० | दिवश कार्यक्रम | | १०० | |
| ११ | बालि कटानि | | ५०० प्रतिकटानी | |
| १२ | कृषकको क्षमता अभिबृद्धि गर्नको लागि तरकारी फलफुल खेति प्रविधी सम्बन्धी तालिम | | १०० | |
| १३ | आकस्मिक वालि संरक्षण सेवा | | १०० | |

नोट : कालो सुचिमा परेको कृषक समुह, कृषि सहकारी, कृषि फर्म, संस्थालाई अनुदान उपलब्ध गराईने छैन ।

## अनुसुचि ४

अनुदान माग गर्दा पेश गर्नु पर्ने प्रस्तावना

**खण्ड : १ परियोजनाको सारांश**

| | |
|---|---|
| परियोजनाको नाम : | |
| प्रस्तावित कार्य | |
| आवेदकको नाम | |
| ठेगाना : | |
| आधिकारीक व्याक्तिको नाम र ठेगाना | |
| सम्पर्क नं : | |
| व्यवसाय दर्ता बर्ष : | |
| मु. अ. कर/स्थायी ले. नं. र दर्ता वर्ष : | |
| बैंक खाता विवरण : | |
| आवेदकको परिचय तथा अनुभवः | |
| प्रस्तावित कार्यक्रमको सारसंक्षेप क्षेत्रफल सहित | |
| **लागत अनुमान** | |
| जम्मा लागत रु. | |
| माग गरीएको अनुदान रु. | |
| स्वलगानी रु. | |
| स्वलगानीको प्रतिशत | |
| परियोजना संचालन स्थल : | |
| हाल भईरहेका क्रियाकलापहरु | |

| | |
|---|---|
| हाल भएको प्रस्तावसंग सम्वन्धित पुर्वाधार तथा सम्पतिहरु | |
| प्रस्तावित परियोजनाको प्रमुख उद्देश्य | |
| प्रस्तावित परीयोजनाको प्रमुख क्रियाकलाप | |

**खण्ड २ व्यवसायको विवरण**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **२.१ प्रस्तावित व्यवसायिक योजनाको भूमिका र पुष्ट्याई ( कम्तिमा १५० सब्द लेख्नु पर्ने)** | | | | | | |
| **२.२ समस्याहरु ,अवसर, तथा प्रस्तावित कृयाकलापहरु** | | | | | | |
| समस्याहरु | | | अवसरहरु | | | |
| **क्रियाकलापहरुको संक्षिप्त विवरण (के,कसरी,कस्ले,कहाँ गर्ने** | | | | | | |
| सि.नं | क्रियाकलापहरु | ईकाइ | परिमाण | स्व लगानि | अनुदान माग रकम | रकम |
| २.४ नतिजा र प्रतिफल | | | | | | |

| | |
|---|---|
| प्रतिफल सुचकहरु | परीयोजनाको लक्ष |
| क्षेत्रफल/संख्या | |
| उत्पादन क्षमता (५ वर्षको उल्लेख गर्ने) | |
| उन्नत प्रविधि, उन्नत जात, मेशिनरी औजार तथा पूर्वाधारको उपयोग | |
| विक्रि परिमाण बृद्धि (५ वर्षको उल्लेख गर्ने) | |
| आम्दानी बृद्धि (५ वर्षको उल्लेख गर्ने) | |
| रोजगारी बृद्धि (५ वर्षको उल्लेख गर्ने) | |

३. अनुदान प्राप्तगरे नगरेको :
४. कुनै संस्था वा अन्य निकाय संग साझेदारी गरे नगरेको
५) कार्यतालिका

| **त्रियाकलाप** | **महिना** | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

**प्रस्तावकको नाम :**
**आधिकारीक व्याक्तिको नाम ,थर संस्थाको छाप :**
**ठेगाना :**
**दस्तखत :**
**मिति :**

**आज्ञाले**
**मणि राज शाह**
**नि.प्रमुख प्रशासकीय अधिकृत**